गाउँसभाबाट पारित ऐन नं. ९

# भूमे गाउँपालिकाको

# आर्थिक कार्यविधि (पहिलो संशोधन) विधेयक, २०७४

**गाउँसभाबाट पारित मिति: २०७४।१०१४**

**प्रमाणीकरण मिति: २०७४।१०।१५**

***भूमे गाउँपालिका***
***रुकुम (पूर्व)***
***५ नं. प्रदेश, नेपाल***

**आर्थिक कार्यविधि (पहिलो संशोधन) विधेयक, २०७४**

भूमे गाउँपालिकाको आर्थिक कार्यविधि ऐन, २०७४ लाई संशोधन गर्न बाञ्छनीय भएकाले, भूमे गाउँसभाले देहाय बमोजिमको विधेयक बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो विधेयकको नाम "भूमे गाउँपालिकाको आर्थिक कार्यविधि ऐन, २०७४ को (पहिलो संशोधन) विधेयक, २०७४"रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **भूमे गाउँपालिकाको आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १४ को उपदफा (१) मा संशोधनः**

मूल ऐनको दफा १४ को उपदफा (१) मा रहेको "सोही दिन वा त्यसको भोलिपल्ट" भन्ने शब्दहरुको सट्टा "गाउँपालिका कार्यालयको हकमा एक हप्ता र वडा कार्यालयहरुको हकमा एक महिनाभित्र" भन्ने शब्दहरु राखिएका छन् ।

३. **भूमे गाउँपालिकाको आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १४ को उपदफा (४) मा संशोधनः**

मूल ऐनको दफा १४ को उपदफा (४) मा रहेको "सोही दिन वा त्यसको भोलिपल्ट" भन्ने शब्दहरुको सट्टा "दफा १४ को उपदफा (१) मा तोकिएको समयावधिभित्र " भन्ने शब्दहरु राखिएका छन् ।

*नेपालको संविधानको धारा २२६ बमोजिम भूमे गाउँसभाबाट मिति २०७४।१०।१४ गते पारित यो विधेयक भूमे गाउँसभा सञ्चालन कार्यविधि, २०७४ को दफा ४७ बमोजिम प्रमाणिकरण गर्दछु ।*

............................

रामसुर बुढा मगर

गाउँपालिका अध्यक्ष